# भोटेकोशी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं : ०११-५९०४६८, ५९९४६७
इमेल: ito.bhotekoshimun@gmail.com


२०७३

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/ ११/१२**

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक, भोटेकोशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने **कार्यविधि, २०७५(संशोधन २०८१) बमोजिम** आ.व. २०८१/०८२ को लागि तपसिलको पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्वारा करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन २०८१/११/२६ गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिलः

| क.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १. | १४-२०८१/०८२ | अ.न.मी | चौथो | १ | रु ५००/- |

१. **दरखास्त फारामका साथ पेश गर्नु पर्ने अन्य कागजातहरु :**
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- कार्य अनुभव भए सो को प्रमाणित प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
- तोकिएको दरखास्त दस्तुर तिरेको बैंक भौचर

२. **शैक्षिक योग्यता :**
- नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा सो सरह उतिर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको,
- एस.वि.ए तालिम प्राप्त उम्मेदवारलाई पहिलो प्राथमिकता दिइनेछ। s

३. **उमेर :** १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको,

४. **दरखास्त बुझाउने स्थान :** गाउँ कार्यपालिकाको आन्तरिक राजश्व खाता नं. २४१०१०१७५०००२८ नविल बैंक, तातोपानी शाखा, सिन्धुपाल्चोक ।

५. **कार्य विवरण, सेवा सर्त तथा तलव सुविधा :** प्रचलित, ऐन, कानुन र नेपाल सरकारको प्रचलित स्केल अनुसार

६. **काम गर्नु पर्ने स्थान :** भोटेकोशी गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा

७. **अ.न.मी. परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता **(बागमती प्रदेश लोक सेवा आयोग, स्वास्थ्य सेवा, पब्लिक हेल्थ नर्सिङ समूह, चौथो तह, अ.न.मी पदको खुला लिखित परीक्षाको पाठ्यक्रम अनुसार)**

८. **दरखास्त फाराम बुझाउने स्थान :** भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय अथवा यस कार्यालयको Email ठेगाना ito.bhotekoshimun@gmail.com मा दरखास्त फाराम, बैंक भौचर र आवश्यक कागजातहरुको PDF बनाई तोकिएको समय भित्र Email गर्नु पर्ने छ ।

९. परीक्षा सम्बन्धी जानकारी कार्यालयको वेव साइटमा पछि प्रकाशन गरिनेछ ।

१०. **थप जानकारीको लागि :** प्रशासन शाखा ९८४४८१०६२० वा सूचना प्रविधि शाखा ९८६७६८५७६२ राजश्व शाखा ९८६२८१४०८१

११. आवेदन स्वीकृत/अस्वीकृत वा विज्ञापन रद्ध गर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहनेछ ।

१२. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा पेश गरेका कागजातहरुको सक्कल सहित उपस्थित हुनु पर्ने छ ।

**नोट : दरखास्त फाराम गाउँ कार्यपालिकाको कार्यालय वा वेव साइट (www.bhotekoshimun.gov.np) बाट प्राप्त गर्न सकिने छ । साथै दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ ।**

२०८१।११।१२

दीपक दाहाल
प्रमुख प्रशासकीय अधिकृत